मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २ गते बुधबार ❑ 17 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## निर्वाचनसम्बन्धी ७० प्रतिशत काम सम्पन्न भइसक्यो: आयोग

**रासस**
काठमाडौं, १ पुस

निर्वाचन आयोग नेपालका कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनसम्बन्धी ७० प्रतिशत काम सम्पन्न भएको बताउनुभएको छ।

मंगलबार निर्वाचन आयोगले आयोजना गरेको निर्वाचन केन्द्रित सरकारका मन्त्रीसहितको छलफलमा उहाँले तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्नका लागि आयोग निर्वाचन घोषणा भएदेखि नै दृढ अठोटका साथ लागेको र अब पनि दृढ अठोटका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो, "राष्ट्रपतिबाट निर्वाचन घोषणा भएको दिनदेखि नै आयोगले शून्यबाट उठेर काम सुरु गरेकामा हालसम्म करिब ७० प्रतिशत काम भएको छ । निर्वाचनको वातावरण बनिरहेको छ । निश्चित प्रक्रिया पूरा गरेर निर्वाचन सम्पन्न गर्नुको विकल्प छैन । त्यसमा हामी लागिरहेका छौं ।" उहाँले निर्वाचनको लागि संविधान, ऐन/कानुन पुरानो भएको र प्रविधि र केही पद्धति परिवर्तन गर्नुपर्छ भन्ने सन्दर्भ आएको उल्लेख गर्दै विभिन्न माग राख्दै हरेक दिन दुई/चार वटा ज्ञापनपत्र आउने गरेको सुनाउनुभयो। कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले निर्वाचन आयोगसँग मात्रै सम्बन्धित ऐन/कानुन, नियमलाई संशोधनमार्फत सहज बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा खर्चको नियन्त्रणसम्बन्धी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राख्नुभएको जिज्ञासामा भण्डारीले मितव्ययी ढङ्गले खर्च गर्न आयोग सचेत रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नागरिक सरकारले खर्च नियन्त्रण गर्न अघि सारेका सवालमा आयोग तयार छ, सरकारी कोषबाट हुने खर्च हामीले अत्यन्त मितव्ययी ढङ्गले गर्छौं, यसअघि २०७९ सालमा भएका दुई वटा निर्वाचन पनि सोही नीतिअनुसार काम गरेर देखाइसकेका छौं । अब दल र दलका उम्मेदवारले गर्ने खर्चको हकमा पनि कडाइका साथ सीमा तोक्छौं।" उम्मेदवारले गर्ने खर्चको सवालमा उम्मेदवारको भूगोल र निर्वाचन क्षेत्रको मतदाताको संख्याको आधारमा खर्च गर्न दिने गरिएको भण्डारीको भनाइ छ।

## एमाले महाधिवेशनमा मतदान बुधबार बिहान

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

नेकपा (एमाले)को ११ औं राष्ट्रिय महाधिवेशनको नयाँ नेतृत्वका लागि मतदान बुधबार बिहान हुने भएको छ।

मंगलबार साँझ हुने भनिएको मतदान स्थगित गरिएको पार्टी केन्द्रीय निर्वाचन आयोगका उपाध्यक्ष सानुराज पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ नेतृत्वका लागि बुधबार बिहान ८:०० बजेदेखि मतदान हुने छ। "विद्युतीय भोटिङ मेसिनमा समस्या आएपछि आज साँझदेखि सुरु गर्ने भनिएको मतदान स्थगित गरिएको छ", उहाँले भन्नुभयो। यसअघि आज साँझदेखि मतदान हुने तय भएपछि प्रतिनिधिहरु मतदान गर्न लाइनमा बसेका थिए। तीन सय एक सदस्यीय नयाँ कार्यसमितिका लागि करिब ६६० जनाले उम्मेदवारी दर्ता गराएका छन्। मतदानका लागि ८० विद्युतीय भोटिङ मेसिन प्रयोगमा ल्याइने बताइएको छ। महाधिवेशनमा दुई हजार २६३ प्रतिनिधिले मतदान गर्ने छन् । नयाँ नेतृत्वका लागि अध्यक्ष पदमा वर्तमान अध्यक्ष केपी शर्मा ओली र वर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने भएको छ।

महाधिवेशनमा उम्मेदवारी दर्ता गराएमध्ये ११ जना केन्द्रीय सदस्य सर्वसम्मत निर्वाचित हुनुभएको छ। पार्टी केन्द्रीय निर्वाचन आयोगका उपाध्यक्ष सानुराज पोखरेलका अनुसार उहाँहरू सर्वसम्मत निर्वाचित हुनुभएको छ । उहाँका अनुसार लुम्बनी प्रदेशबाट ४० वर्ष उमेर मुनिका लिलामणि गौतम र सोही प्रदेशबाट महिला केन्द्रीय सदस्यमा गुमादेवी आचार्य, मेनकाकुमारी पोखरेल र शान्तिदेवी ढकाल सर्वसम्मत निर्वाचित हुनुभएको छ। यस्तै केन्द्रीय सदस्य युवा (४० वर्ष मुनि) बाट नरेश रोकाया र सुशिलकुमार थापा, मधेस प्रदेशबाट ४० वर्ष मुनिको उमेर समूहबाट केन्द्रीय सदस्यमा अमरकुमार यादव र रौनित साह, मुस्लिम महिला खाजिदा खातुन सिद्धिकी, पिछिडिएको क्षेत्र महिलाबाट वदमी क्वारी बुढा (वोहरा) र प्रवास दक्षिण एसियाबाट हरिप्रसाद घिमिरे सर्वसम्मत निर्वाचित हुनुभएको छ । यस्तै दुई जना उम्मेदवारको निर्वाचन खारेजी गरिएको छ। केन्द्रीय सदस्यका उम्मेदवार पासाङ् शेर्पा र धर्मलाल गिरी उम्मेदवारी खारेजी भएको निर्वाचन आयोगका उपाध्यक्ष पोखरेलले जानकारी दिनुभयो। यस्तै एक उपमहासचिवसहित १४ जना केन्द्रीय उम्मेदवारले फिर्ता लिनुभएको छ । उपमहासचिव पदमा उम्मेदवार दिनुभएका राजेन्द्र गौतमले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको हो। निर्वाचनमा दुई हजार २६३ जना प्रतिनिधिले भाग लिनुहुनेछ।

## गण्डकीका दुई औद्योगिक क्षेत्रको 'इआइए' स्वीकृत

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

गण्डकी प्रदेश सरकारले कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा निर्माण गर्न लागिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत गरेको छ।

'इआइए' स्वीकत गरेसँगै औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढेको छ । परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो । 'इआइए'को प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको थियो । आठ वर्षअघि प्रदेश सरकारले पुँडीटार र लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माणको घोषणा गरेको थियो। प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना भइरहेको जानकारी दिनुभयो । प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ। "औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रुखको गणनासहित क्षेत्रफल यकिन गरेर सङ्घको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदैछौं", उहाँले भन्नुभयो, "वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि सङ्घीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।" सङ्घ सरकारले गण्डकी प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय गरेपछि औद्योगिक क्षेत्र निर्माण सुरु हुने महाशाखा प्रमुख ढकालले बताउनुभयो।

लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले 'इआइए'को प्रक्रिया पूरा हुन धेरै समय लागेको उहाँको भनाइ छ। जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो। वन तथा वातावरण मन्त्रालयको सहमतिपछि सङ्घीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने महाशाखा प्रमुख ढकालले बताउनुभयो । गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका दुई औद्योगिक क्षेत्र निर्माण प्रक्रियालाई अगाडि बढाएको हो । प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहा खोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत तयारपारिसकेको छ। औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकीन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा सङ्घ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ । जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहाखोलामा १४१ बिघामा औद्योगिक क्षेत्र निर्माण हुने जनाइएको छ। पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ। लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहेपनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ।

## कांग्रेसद्वारा प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवार सिफारिस

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेसले आकाङ्क्षी उम्मेदवारको नाम सिफारिस गरिरहेको छ।

गण्डकी प्रदेशमा पनि क्षेत्रीय समिति, जिल्ला समिति हुँदै प्रदेश समितिमा उम्मेदवारको नाम सिफारिस गरिएको हो।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले जिल्लाबाट सिफारिस भई आएका उम्मेदवारको नाम रायसहित केन्द्रमा पठाइने बताउनुभयो । "प्रदेशका नौ जिल्लाबाट उम्मेदवारको नाम सिफारिस भइसकेको छ, मनाङ र मुस्ताङबाट नाम आउने क्रममा छ", उहाँले भन्नुभयो, "सबै जिल्लाको नाम आइसकेपछि रायसहित केन्द्रमा सिफारिस गर्छौं ।" केन्द्रले एक निर्वाचन क्षेत्रबाट तीन जना सम्भावित उम्मेदवारको नाम सिफारिस गर्न भने पनि क्षेत्रीय समितिले धेरै जनाको नाम पठाएकाले प्राप्त भएका सबै नाम केन्द्रमा पठाइने सभापति शर्माले बताउनुभयो । निर्वाचनमा जित्ने सम्भावना भएका, मतदातामाझ लोकप्रिय, पार्टीमा योगदान पुर्‍याएको र सक्षम व्यक्तिकाबारेमा रायसहित केन्द्रमा नाम सिफारिस गरिने उहाँले उल्लेख गर्नुभयो। गण्डकी प्रदेशमा प्रतिनिधिसभातर्फ १८ निर्वाचन क्षेत्र छन् । विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकीमा कांग्रेसले १० स्थानमा जितेको थियो।

## व्यास परासर क्षेत्रको अध्ययनका निम्ति क्युआर तयार गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १ पुस

ऋषि परासर र सत्यवतिबाट श्रीकृष्णद्वैपायन अर्थात् २८औं द्वापरयुगमा दमौलीको व्यास गुफामा उत्पत्ति भएको मानिन्छ । सनातन एवं हिन्दू धर्मावलम्बीको एकताको केन्द्र वेदव्यास जन्मभूमि व्यास परासर क्षेत्रको प्रवर्द्धन तथा प्रचारप्रसारमा सहज बनाउने उद्देश्यले क्युआर कोडमार्फत अध्ययन तथा जानकारी पाउने व्यवस्थापन गर्न लागिएको हो।

व्यास नगर प्रज्ञा-प्रतिष्ठानको नेतृत्वमा वेदव्यासको तपोभूमि दमौली (व्यास, परासर क्षेत्र) का बारेमा क्युआर कोडमार्फत अध्ययन गर्ने व्यवस्थापनमा जुटेको कुलपति एवं व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाको नामकरण नै व्यास ऋषिबाट गरिएकाले यहाँको प्रवर्द्धन तथा विकासको दायित्व नगरपालिकालाई छ । वेदव्यासको तपोभूमि दमौलीको प्रचारप्रसारलाई सहज रूपमा जनतामाझ पुर्‍याउने लक्ष्य लिइएको हो ।" प्राज्ञिक सदस्य देवीबहादुर बस्नेतले नगरपालिकाकै नामलाई प्रचारप्रसारमा वेदव्यास भूमि महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रथम चरणमा व्यास परासर क्षेत्रको अध्ययन गर्न मिल्ने गरी क्युआर कोड तयार गरिन्छ।

त्यसपछि नगरपालिकाका पर्यटकीय, साहित्यिक, पुरातात्विक, ऐतिहासिक, कला, संस्कृति अध्ययन गर्न मिल्नेगरी क्युआर कोडमा समेटिने छ।"

प्राज्ञिक सदस्य हरिसिं गुरुङले आधुनिक प्रविधिको युगमा प्रज्ञा-प्रतिष्ठानले आधुनिक प्रविधिमार्फत प्रत्येक व्यक्तिसमक्ष व्यास परासर क्षेत्रको जानकारी तथा प्रवर्द्धन गर्न लागेको बताउनुभयो। क्युआर कोड तयारीका निम्ति नापनक्सा, ती क्षेत्रको वास्तविक अध्ययन तथा जानकारीका बारेमा तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । "क्युआर कोड तयार एकैछिनमा हुने होइन । अध्ययन, अनुसन्धान तथा सम्पूर्ण पक्ष समावेश गर्नेगरी तयारीमा जुटिरहेका छौं। नगरपालिकाभित्रका कोटहरूको अध्ययन पनि व्यास परासर क्षेत्रसँगै जोडेर क्युआर कोड तयार पार्ने योजना छ", गुरुङले भन्नुभयो। भाषा, संस्कृति, साहित्य र कलाको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राख्दै आगामी कार्ययोजना तय गरेको उपकुलपति काशीनाथ न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीय भाषा र लिपिको दस्तावेजीकरण, शब्दकोश तथा पाठ्यसामग्री निर्माण, मौखिक इतिहास सङ्कलन, सांस्कृतिक परम्परा र लोकज्ञान संरक्षण, लोकसाहित्य सङ्कलन-प्रकाशन, साहित्यिक गोष्ठी तथा कला प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने योजना प्राथमिकतामा राखेको छ।


स्थानीय विषयमा अनुसन्धान, पत्रिका तथा पुस्तक प्रकाशन, सेमिनार-गोष्ठी आयोजना र युवा-विद्यार्थी लक्षित कार्यक्रममार्फत समुदायको सहभागिता बढाउने निर्णयसहित कार्यान्वयनको चरणमा छ। यसै वर्षदेखि सञ्चालन गरिने कार्यक्रमको योजना तर्जुमा गर्दै प्रतिष्ठानले व्यास नगरको सांस्कृतिक विरासतको संरक्षण, विकास र प्रचारप्रसारमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता प्रतिष्ठानले जनाएको छ।

## विकास र समृद्धिका लागि जनताको तागत आवश्यक छ: पूर्वउपराष्ट्रपति पुन

**पोखरापत्र संवाददाता**
गोरखा, १ पुस

पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले देशको विकास र समृद्धिका लागि जनताको तागत आवश्यक रहेको बताउनुभएको छ।

नेपाली कम्युनिष्ट पार्टीका नेतासमेत रहनुभएका उहाँले सोमबार गोरखाको गण्डकी गाउँपालिकामा आयोजित पार्टीको पालिकास्तरीय एकता सन्देशसभालाई सम्बोधन गर्दै देशको आमूल परिवर्तनका लागि जनताले दुई तिहाइ बहुमत दिएर राजनीतिक दललाई पठाउनुपर्ने बताउनुभयो । "दुई तिहाइ बहुमत नभएसम्म संविधान संशोधन गरेर अघि बढ्न सकिँदैन", पूर्वउपराष्ट्रपति पुनले भन्नुभयो, "जब जनताले दुई तिहाइ मत दिएर पठाउँछ, तब जेनजीले उठाएका माग पूरा गर्न सम्भव हुन्छ ।" उहाँले संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट देशलाई अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

# १८औं हिसान कास्की स्पोर्ट्स मिटको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा पोखरामा हुने १८ औं हिसान स्पोर्टस मिटको तयारी पुरा भएको छ ।

शिक्षाको संगै विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलाप खेलकुद मार्फत अघि बढाउने उद्धेश्य अनुरुप आयोजना गरिएको स्पोर्टस मिटको सम्पूर्ण तयारी पुरा भएको हिसान कास्कीले जनाएको हो । १८ औं संस्करणको हिसान स्पोर्टस मिट यहि पौष ३ गते देखि ७ गते सम्म पोखरा रंगशालामा सञ्चालन हुनेछ भने औपचारिक उद्घाटन पौष ४ गते हुनेछ। स्पोर्टस मिट अन्तर्गत प्लस टु (कक्षा ११-१२) विद्यालय, कलेज र विश्वविद्यालयतर्फका खेलाडीहरु विभिन्न चार खेलका छुट्टा-छुट्टै इभेन्टमा प्रतिष्पर्धा गर्नेछन् । हिसान कास्की स्पोर्टस मिट अन्तर्गत छात्र/छात्रा बास्केटबल, भलिबल, व्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुने भएको हिसान कास्कीका सचिब किरण सापकोटाले जानकारी दिए । प्रतियोगितामा कक्षा ११-१२ छात्र भलिबलमा ३८ र छात्रातर्फ २४ टिमहरुको सहभागिता हुने छ । त्यस्तै छात्र बास्केटबलमा सर्वाधिक ४६ तथा छात्रातर्फ २० टिम भिड्नेछन् । टेवुल टेनिसतर्फ छात्र-छात्रा सिंगल्स, डब्लसतर्फ गरी २ सय ५० जना तथा व्याडमिन्टन छात्र-छात्रातर्फ सिंगल्स र डब्सल्समा गरी कुल २ सय ५८ जनाको सहभागिता रहेको हिसान कास्कीले जनाएको छ । विश्वविद्यालयतर्फ बास्केटबल, टेबुल टेनिस र ब्याडमिन्टनमा सहभागिता जनाउने छन् । हरेक वर्ष आयोजना हुँदै आएको प्रतियोगिताले यूवा खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेलेको हिसान कास्कीका अध्यक्ष दिवाकर जैशीले बताएका छन् । उनले भने-“यो प्रतियोगिता मात्रै होइन । यो खेलकुद उत्सव समेत हो ।

विद्यार्थीहरुलाई खेलकुद मार्फत उनीहरुको क्षमता अभिवृद्धि गर्नु हो भने अर्कातर्फ यूवा खेलाडी उत्पादन गर्नु हाम्रो प्रमुख उद्धेश्य हो । जुन उद्धेश्यमा हामी सफल भएका छौं ।” प्रतियोगिताले शारीरिक तन्दुरुस्ती, अनुशासन, नेतृत्व क्षमता, भातृत्व र स्वस्थ प्रतिस्पर्धाले विद्यार्थीहरु भित्र रहेको अन्तर्निहित क्षमता उजागर गर्न भूमिका खेल्ने भएकोले सफल बनाउन सबैको सहकार्य गर्न उनले आग्रह गरे ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीमा विद्यालय प्लस टुतर्फ ६६, कलेज र विश्वविद्यालय गरी आवद्धता रहेका १२ मध्ये ४० शिक्षण संस्थाले स्पोर्टस मिटमा सहभागिता जनाउने छन् । प्रतियोगितामा ४ हजार भन्दा वढि विद्यार्थीहरुको सहभागिता हुने तथा २५ हजार भन्दा बढि विद्यार्थी अभिभावकले अवलोकन गर्ने हिसान कास्कीका सचिब सापकोटाले जानकारी दिए। उनले भने-“यो सहभागिताका लागि र प्रतिस्पर्धाका लागि मात्रै आयोजना होइन । हिसानमा आवद्ध शैक्षिक संस्थाहरुमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि यो सिक्ने थलो भएकोले पनि यो स्पोर्ट्र्स मिटको महत्व छ ।” प्रतियोगिता सम्पन्न गर्न करिव ३२ लाख खर्च हुने तथा प्रतियोगितामा विजेता विद्यालयहरुलाई रनिङ्ग शिल्ड, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने हिसान कास्कीका उपाध्यक्ष ढाकाराम कंडेलले जानकारी दिएका छन् । उनका अनुसार हरेक खेलको टिम विजेताले ७, दोस्रो हुनेले ५, तेस्रोले ३ र चौथो हुनेले १ अंक प्राप्त गर्नेछ । प्रतियोगितामा सर्वाधिक अंक प्राप्त गर्न सफल टिम च्याम्पियन बन्ने छ । सो टिमले उपाधिसँगै आकर्षक रनिङ्ग कप प्राप्त गर्नेछ। यसै बीच हिसान कास्कीले विगतका हिसान स्पोर्टस मिटमा सहभागिता जनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्टता हासिल गर्न सफल खेलाडीहरुलाई सम्मान गर्ने कार्यक्रम अनुरुप १८औं सस्करणको उद्घाटन समारोहमा पावर लिफ्टिङ्की विश्व च्याम्पियन शर्मिला शाहलाई नगद २५ हजारसहित सम्मान गरिने हिसान कास्कीले जनाएको छ । गत वर्ष हिसान कास्कीले नेपाली राष्ट्रिय भलिबल टिमकी कप्तान अरुणा शाहीलाई सम्मान गरेको थियो ।

१५औं, १६औं र १७औं संस्करणको हिसान स्पोर्टस मिटको उपाधि प्रतिभा माविले लगातार तीन पटक जित्दै शिल्ड कब्जा गरेको थियो । हाल सम्म ग्लोबल कलेजियट माविले लगातार ३ पटक र न्यू ग्यालेक्सीले लगातार ४ पटक जितेर रनिङ्ग शिल्डमा कब्जा गरेका छन् । निजी शिक्षालयहरूको साझा संस्थाको रुपमा रहेको हिसान कास्कीअन्तर्गत कास्कीमा आवद्ध शिक्षालयहरुमा ४० हजार भन्दा बढी विद्यार्थी र ५ हजार बढी शिक्षक तथा कर्मचारीहरु कार्यरत छन् । हिसान कास्की शाखामा प्याब्सन, एनप्याब्सन, युनिप्स लगायतका संस्थामा आवद्ध विद्यालयहरुको आवद्धता रहेको छ ।

# परिवार नियोजनको अभियान ११ वटा विद्यालय तथा कलेजमा

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस




नेपाल परिवार नियोजन संघ कास्की शाखाले ११ वटा विद्यालय तथा क्याम्पसमा यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान संचालन गरेको छ ।

२४ वटा विद्यालय तथा कलेजमा अभियान संचालन गर्ने लक्ष्य सहित भदौ १७ गतेदेखि अभियान संचालन गरिएको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो । पोखरा महानगरपालिकाका १६ र गाउँपालिकाका आठ वटा विद्यालय तथा कलेजमा अभियान संचालन गरिने छ ।

पछिल्लो समय पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन मावि र पोखरा महानगरपालिका वडा नं २७ स्थित लक्ष्मी आदर्श बहुमुखी क्याम्पसमा अभियान संचालन गरिएको छ । गोगन माविमा आयोजित कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं ३२ का वडा सदस्य शोभा वि.कले यस्ता कार्यक्रमले जनचेतना फैल्याउन सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा गोगन मावि व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेल, लक्ष्मी आदर्श बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष खगेन्द्र आचार्य र क्याम्पस प्रमुख हेमराज आचार्यले अभियान अत्यन्तै उपयोगी भएको बताउनुभयो । कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी, स्टाफ नर्स अनुषा भुजेल र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो ।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो ।

# विहीबारदेखि पोखरामा २१ औँ लेखनाथ महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस



जेनजी आन्दोलनबाट प्रभावित भएको उद्योग तथा व्यवसायलाई प्रबर्द्धन गर्ने उद्धेश्यले यही पुष ३ गते विहिबार देखि पोखरामा २१ औं संस्करणको लेखनाथ महोत्सव हुने भएको छ ।

‘महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र समृद्धि’ भन्ने मूल नाराका साथ विहिबार देखि पोखरा महानगरपालिका-२७ स्थित डाँडाकोनाक-तालचोक क्षेत्रमा उक्त महोत्सव हुने भएको हो । पुष १४ गतेसम्म संचालन हुने महोत्सवमा उधोग, व्यापार, व्यवसाय, सेवामुलक एवं सुचना मुलक सहितका ३ सय ३५ वटा स्टलहरु रहने भएको आज (मंगलबार) महोत्सव स्थलमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

वर्तमान विषम आर्थिक अवस्थाका बीच व्यवसायी र आम उपभोक्ताको खस्किएको मनोबल उच्च बनाउँदै स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले महोत्सव आयोजना गरिएको लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष एवं महोत्सव संयोजक जानुका अधिकारी पराजुलीले बताउनु भयो । महोत्सवलाई क्रेता, विक्रेता र उपभोक्ताबीचको साझा थलोका रूपमा विकास गर्ने अपेक्षा गरिएको उहाँले जनाउनु भयो । लेखनाथ महोत्सवलाई ‘ अनौपचारिक विश्वविद्यालय’का रूपमा स्थापित गर्ने लक्ष्य रहेको पराजुलीले उल्लेख गर्नुभयो ।

महोत्सवमा औद्योगिक तथा व्यापार, हस्तकला, कृषि तथा दुग्धजन्य उत्पादन, सुन्तला, माछा, मौरी, कफी, विउविजन, तरकारी, जैविक विविधता, फुड फेस्टिभल, अटोमोबाइल प्रदर्शनी हुने भएको छ। महोत्सवमा पर्यटन प्रवर्द्धन सामग्री तथा वित्तीय सेवासम्बन्धी समेत जानकारी प्रानप्त गर्न सकिने भएको छ । यस वर्षको विशेष आकर्षणका रूपमा जलपरी प्रदर्शन, कृषि, पर्यटन र उद्योग विषयक टक शो, टिकटक प्रतियोगिता, आर्ट एन्ड क्रिएटर प्रतियोगिता, शान्तिकादूत गौतम बुद्धको प्रतिमा, घरेलु तथा ग्रामीण प्रविधि प्रदर्शनी, महिला विशेष (रोधेली गीत) कार्यक्रम, विद्यालयस्तरीय नृत्य, शैक्षिक प्रदर्शनी, साहित्यिक कार्यक्रम, जातजातिका मौलिक संस्कृति झल्कने प्रस्तुति, ख्यातिप्राप्त हास्य कलाकारहरूको दैनिक प्रस्तुति, राष्ट्रिय लोकदोहोरी तथा युवा लक्षित पप र सुगम सङ्गीत कन्सर्ट समावेश गरिएको छ ।

महोत्सवको टिकट दर विद्यार्थीका लागि ५०, साधारण प्रवेश १०० र कन्सर्ट टिकट २०० तोकिएको छ । जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र एकल महिलालाई सामाजिक सुरक्षा भत्ता परिचयपत्रका आधारमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ। महोत्सव अवलोकन गर्न करिब २ लाख ५० हजार दर्शक आउने आयोजकले अपेक्षा गरेको छ भने करिब ९ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने अपेक्षा गरिएको महोत्सव संयोजक ध्रुवबाबु भट्टराईले बताउनु भयो । महोत्सवबाट करिब ९५ लाख रुपैयाँ आम्दानी हुने र ८५ लाख रुपैयाँ खर्च भई १० लाख रुपैयाँ बचत हुने उहाँले जनाउनु भयो ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने महोत्सवमा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको सहआयोजना, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धन तथा विभिन्न संघसंस्थाको सहयोग रहने आयोजकले जनाएको छ ।

# लेकसिटीका र सुर्खेतका विद्यार्थीवीच संवाद

**सन्देश शर्मा**
पोखरा, १ पुस




पोखरा महानगरपालिका वडा न ४ स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरका सामाजिक कार्य तथा पत्रकारिता विषयका विद्यार्थीहरू र मध्यपश्चिम विश्वविद्यालय, सुर्खेतका सामाजिक कार्य विषयका छैटौ सेमेस्टरका विद्यार्थीहरूबीच सोमवार अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको सुरुआत लेकसिटी कलेजमा चौथो वर्षमा अध्ययनरत सम्झना भट्टराई र अस्मिता रानाभाटले कलेजको वारे संक्षिप्त परिचय र शैक्षिक संरचनावारे दिलै खुलेर ब्याख्या गरे । सोही कार्यक्रममा मध्यपश्चिम विश्वविद्यालयका सहायक प्राध्यापक डा.धनुष चन्द्र पाठकले विश्वविद्यालयको सामाजिक कार्य विभागले सञ्चालन गर्दै आएका शैक्षिक, व्यावहारिक तथा सामुदायिक कार्यक्रमबारे स्पष्ट पारे ।

कार्यक्रमको मुख्य आकर्षण विद्यार्थीहरूबीचको व्यापक समूहगत अन्तरक्रिया भयो। लेकसिटी कलेजका पाँच र मध्यपश्चिम विश्वविद्यालयका एक-एक जना विद्यार्थी सम्मिलित समूहहरूले सामाजिक कार्य अध्ययनका विविध आयाममाथि गहिरो विचारविमर्श गरे । पाठ्यक्रमगत भिन्नता, अध्ययन रोज्नुका प्रेरणा, सिकाइका चुनौती, क्याम्प तथा सामाजिक गतिविधि, इन्टर्नसिप अनुभव र दुवै संस्थालाई अझ प्रभावकारी बनाउने सुझावहरू खुला मनले आदान-प्रदान गरे ।

मध्यपश्चिम विश्वविद्यालयका विद्यार्थी र लेकसिटीका विद्यर्थीविच आआफ्नो अनुभव आदनप्रदान गरेका थिए । मध्यपश्चिम विश्वविद्यालयका विद्यार्थीहरूले लेकसिटी कलेजको ‘पढदै कमाउँदै’ पहलको खुलेर प्रशंसा गरे भने लेकसिटी कलेजका विद्यार्थीहरूले प्रत्येक सेमेस्टर अनिवार्य इन्टर्नसिपको व्यवस्थालाई उदाहरणीय अभ्यासको रूपमा उल्लेख गरे। कार्यक्रमको समापन दुवै संस्थाबीच मायाको चिनो आदान-प्रदान गर्दै गरियो। लेकसिटी कलेजतर्फबाट डा.धनुष चन्द्र पाठकलाई र मध्यपश्चिम विश्वविद्यालयतर्फबाट सामाजिक कार्य प्रशिक्षक अनिश पौड्याललाई मायाको चिनो प्रदान गरिएको थियो ।

गण्डकी प्रदेशमा सामाजिक कार्य विषय अध्यापन गराउने एकमात्र शैक्षिक संस्था लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरले समय-समयमा आयोजना गर्ने यस्ता अन्तरक्रिया कार्यक्रमले विद्यार्थीहरूलाई एकअर्काको शैक्षिक अभ्यास, अनुभव र दृष्टिकोण बुझ्न सहयोग पुर्याउने मात्र होइन, व्यावहारिक ज्ञान, आत्मविश्वास र सहकार्यको भावना विकास गर्न समेत महत्वपूर्ण भूमिका खेल्दै आएको आइरहेको लेकसिटी कलेजका उपप्रध्यापक रोशिना कुँवरले पोखरापत्रलाई वताइन् ।




# पोखरा सडक महोत्सवमा हिट्स अफ नाईन्टिज गुञ्जिने

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

यसपालीको पोखरा सडक महोत्सव विशेष हुने भएको छ । किनकी रेष्टुरेण्ट एण्ड बार एशोसियसन नेपाल (रेवान) पोखराको आयोजनामा पोखराको लेकसाईड क्षेत्रमा हुने पोखरा सडक महोत्सवमा यस वर्ष हिट्स अफ नाईन्टिज गुञ्जिने भएको छ ।

लेकसाईडको ३ किलोकिलोमिटर क्षेत्रमा हुने महोत्सवको मुख्य आकर्षणको रुपमा रहने लाईभ सांगीतिक कार्यक्रम पोखरा कोमागाने पार्कमा आयोजना हुनेछ । हिट्स अफ नाईन्टिज नाम दिइएको सो कार्यक्रममा ९० को दशकमा उदाएर स्थापित व्याण्डहरुको लाईभ प्रस्तुती रहने आयोजक अल टेक नेपालका सञ्चालक शेरबहादुर गुरुङले जानकारी दिए । ‘यो सडक महोत्सवको मुख्य आकर्षण हो’-उनले भने ।

अंग्रेजी नया वर्षको स्वागतार्थ आयोजित ५ दिने महोत्सवको मूख्य दिन न्यू ईयर ईभ स्पेसल कार्यक्रम हुनेछ । जुन दिन एक्स नेपथ्य गुञ्जिने गुरुङले बताए । उनका अनुसार सो दिन एक्स नेपथ्यको ओरिजिनल भोकलिष्ट रविन श्रेष्ठ र गौतम गुरुङको विशेष प्रस्तुती रहनेछ । त्यस दिन अहिलेकी भाइरल डान्सर कार्टुन ऋजकी आस्मा विश्वकर्माले माहोल तताउनेछिन् । उनले अहिलेको चिकिरीचिकिरीलगायतकागीतहरुमा प्रस्तुती दिने उनले जानकारी दिए । त्यस्तै, न्यू ईयर ईभकै दिन अहिलेका चर्चित गायक उज्जन शाक्य, डिमर्चा, लेकाली, देउराली र टुकी व्याण्डहरुले लाईभ प्रस्तुतीमार्फत ९० को दशकका हिटहिट गीतहरु गुञ्जाएर चिसो मौषममा स्टेज तताउनेछन् । सांगीतिक उत्सव अन्तर्गत पुस १५ गते गुरुङ समुदायको ल्होसार विशेष कार्यक्रम हुनेछ। उक्त दिन दिउँसोदेखि साँझ स्वप्न सुमन, केआर लिम्बु र चक्र व्याण्ड ब्लाष्ट हुनेछन् । तथा दिउँसो प्रिती आले, देउराली व्याण्डका पुराना गायक आनन्द बज्राचार्य र सन्तोष बस्यालको प्रस्तुती रहनेछ भने दीवा कार्यक्रमतर्फ लोकदोहोरी गायकहरु पुरुषोत्तम न्यौपाने, जीवन दाहाल, चोलेन्द्र पौडेललगायतको प्रस्तुती रहने उनले बताए । त्यस्तै, पुस १४ गते अन्तरविद्यालय खुल्ला नृत्य प्रतियोगिता हुनेछ भने दिउँसोदेखि साँझसम्म ईन्टर स्कुल व्याण्ड कम्पिटिसनको उपाधि बिजेता तथा उपबिजेताहरुको सांगीतिक प्रस्तुती रहने जनाइएको छ ।

अल टेक नेपालको आयोजनामा हुने हिट्स अफ नाईन्टिज कार्यक्रमको मुख्य प्रायोजकमा प्रोटोन गाडी रहेको छ भने राईड पार्टनरमा टिभिएस र एजुकेसन पार्टनरमा गण्डकी ईन्टर नेसनल एजुकेसन कन्सल्टेन्सी रहेका छन् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# विध्वंसलाई संरक्षण गर्ने सम्झौता

जेनजीको नेतृत्वमा भएको जनआन्दोलनका सम्बन्धमा जेनजी प्रतिनिधि र नेपाल सरकारबिच सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतामा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की र जेनजीका तर्फबाट सहिद परिवारहरूका अगुवा भोजविक्रम थापाले हस्ताक्षर गरेका थिए । यस्तै जेनजी प्रतिनिधिहरूले पनि सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सोही कार्यक्रममा केही जेनजीले बिरोध गर्दै संझौतालाई च्यातेका छनासम्झौतामा विभिन्न आयोग, संयन्त्र र परिषद् मात्रै ७ वटा गठन गर्ने विषय रहेका छन् ।

आन्दोलनका क्रममा सहादत प्राप्त गरेका व्यक्तिका परिवार र घाइतेहरूको उचित व्यवस्थापनका लागि तत्काल एक 'उच्चस्तरीय कार्यदल' गठन गरिने उल्लेख छ। यस कार्यदलले पीडित परिवारसँग समन्वय गरी राहत, क्षतिपूर्ति, निःशुल्क उपचार, शिक्षा, रोजगारी र सम्मानको व्यवस्था सुनिश्चित गर्ने सम्झौतामा उल्लेख छ । सरकारले यसअघि नै गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगको कार्यादेश विस्तार गर्दै यसलाई थप शक्तिशाली बनाइएको छ । आयोगले आन्दोलनका क्रममा भएको दमन, गैरन्यायिक हत्या र मानव अधिकार उल्लङ्घनका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको सिफारिस गर्नेछ । साथै आन्दोलनकारीमाथि लगाइएका झूटा मुद्दा फिर्ता लिन 'स्क्रिनिङ' गर्ने अधिकार पनि यसै आयोगलाई दिइएको छ। आन्दोलनको माग भन्दा फरक आतङ्क र विध्वंस मच्चाउनेलाई उन्मुक्ति दिने संझौता विवादमा परेको छ।

जेनजी आन्दोलनको प्रमुख माग बमोजिम मुलुकमा सदाचार र सुशासन प्रवर्द्धन गर्न तथा दण्डहीनता अन्त्य गर्न छुट्टै 'स्थायी प्रकृतिको आयोग' गठन गर्ने सहमति भएको छ । सार्वजनिक पदमा रहेका व्यक्तिको अकुत सम्पत्ति छानबिन गर्न, सार्वजनिक संस्थाको दलीयकरण रोक्न र दलका नेताहरूको नाममा खोलिएका प्रतिष्ठानहरूको सम्पत्ति छानबिन गर्न अर्को एक 'उच्चस्तरीय आयोग' गठन गरिनेछ । यस आयोगले स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्न सिफारिस गर्नेछ।

भविष्यमा हुने आन्दोलनका क्रममा सुरक्षा निकायबाट हुनसक्ने दमन रोक्न तथा सुरक्षाकर्मीहरूको मानसिक एवं सामाजिक सुरक्षाको अध्ययन गर्न एक छुट्टै 'अध्ययन तथा सुधार संयन्त्र' बनाउने आयोगले गर्ने सिफारिस हुनसक्छ। विगत १० वर्षको संविधान कार्यान्वयनको समीक्षा गर्दै शासकीय स्वरूप, निर्वाचन प्रणाली र समावेशितामा सुधार गर्न विज्ञ र जेनजी प्रतिनिधि सम्मिलित 'उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग' गठन गरिनेछ। यसले प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायतका विषयमा सुझाव दिनेछ।

सरकारलाई खबरदारी गर्न, नीति निर्माणमा सघाउन र सुशासन कायम राख्न जेनजी युवाहरूको प्रतिनिधित्व रहने गरी एक स्थायी 'जेनजी परिषद्' गठन गरिनेछ। सरकार र आन्दोलनकारी दुवै पक्षले यी संयन्त्रहरूमार्फत सम्झौताको अक्षरशः पालना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सुन्दा राम्रो भए पनि सरकारले पाएको म्यान्डेट विपरित छ। जुन संझौतालाई लोकतान्त्रिक दलहरुले अस्वीकार गरेका छनायो संझौतालाई जनमत प्राप्त सरकारले मात्र कार्यान्वयन गर्न सक्छ। यो अराजक जत्थालाई प्रोत्साहन गर्ने र देशलाई अस्थिर बनाउन खोज्नेलाई खुशी बनाउन गरिएको नाटक मञ्चन हो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : व्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरामा हुने सोह्रौं राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कपको तयारीमा तीव्रता

पोखरापत्र संवाददाता
पोखरा, १ पुस

पोखरामा पौष ९ गतेदेखि हुने सोह्रौं राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगिताको तयारीमा तीव्रता दिइएको छ।

पोखरा महानगर खेलकुद विकास समितिको आयोजनामा पौष ११ गतेसम्म चल्ने प्रतियोगिताको लागि व्यवस्थापन तथा निर्देशन समिति सहित विभिन्न उपसमिति निर्माण गरेर तयारीमा तीव्रता दिइएको पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले जानकारी दिए ।जस अनुसार व्यवस्थापन तथा निर्देशन समिति, संयोजकमा अध्यक्ष गोदार रहेका छन् । सदस्यहरूमा पूर्णचन्द्र न्यौपाने, तेज प्रसाद कडेल, डिबी नेपाली, हेम प्रसाद आचार्य, विजय गुरुङ, षडानन्द गौतम, भीम सुवेदी, सकुन्तला लम्साल, लेकमाया पुन, राम बहादुर लामिछाने, सागर भण्डारी, दिलिप लामा, गोप बहादुर अधिकारी, धन लामा, निरोज बहादुर नेपाली छन् । सचिवालय व्यवस्थापन उपसमिति संयोजकमा सुरज अधिकारी, सदस्यहरूमा शान्ता सुवेदी, भीम सुवेदी, सकुन्तला लम्साल, राजाराम पौडेल र भरत बानियाँ रहेका छन् । खेल तथा खेलाडी दर्ता उपसमिति अन्तरगत भलिबल संयोजकमा राम बहादुर लामिछाने, कबड्डी संयोजकमा सागर भण्डारी, एथलेटिक्स संयोजकमा गोप बहादुर अधिकारी, तेक्वान्दो संयोजकमा हर्क गुरुङ, उसु संयोजकमा शुकदेव रोक्का, कराते संयोजकमा धन लामा रहेका छन् । मार्चपास व्यवस्थापन उपसमिति संयोजकमा हरि जिसी, सदस्यहरूमा पुरुषोत्तम थापा र षडानन्द गौतम, सुरक्षा व्यवस्थापन तथा स्वयंसेवक परिचालन उपसमिति संयोजकमा पुरुषोत्तम थापा तथा सदस्यहरूमा किसान भण्डारी र लेकमाया पुन रहेका छन् । स्वास्थ्य व्यवस्थापन उपसमिति संयोजकमा प्रविण रानाभाट र सदस्यमा पोषण बहादुर थापा मञ्च निर्माण, सजावट तथा सांस्कृतिक व्यवस्थापन उपसमिति संयोजकमा प्रीति बराल, सदस्यहरूमा लेकमाया पुन, सकुन्तला लम्साल, सोमनाथ भण्डारी र मोना गुरुङ रहेका छन्। खेल मैदान, सरसफाइ तथा पानी व्यवस्थापन उपसमिति संयोजकमा लक्ष्मण कुँवर र सदस्यहरूमा विजय गुरुङ, परशी शेर्पा, गङ्गा थापा, श्याम बिक, सरोज पुन रहेका छन्। अनुगमन उपसमिति संयोजकमा हेम प्रसाद आचार्य, मिडिया प्रचार तथा प्रसार उपसमिति संयोजकमा राजाराम पौडेल, प्राविधिक उपसमिति संयोजकमा राजन पौडेल र सहसंयोजकमा सिद्धान्त अधिकारी रहेका छन् । जिल्ला छनोट निर्णायक समिति भलिबलमा बल बहादुर श्रेष्ठ, कौशिल्या खत्री, रमेश जिसी, लेखनाथ लम्साल, कबड्डीमा राजकुमार थापा, हरि जिसी, कविता आले, एथलेटिक्समा गोप बहादुर अधिकारी ,सिद्धान्त अधिकारी, गज बहादुर गुरुङ रहेका छन् । पोखरा महानगर खेलकुद विकास समिति खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीका अनुसार प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स गरि ६ वटा विधामा प्रतिष्पर्धा हुनेछ । खेलकुदलाई व्यवसायिक बनाउन नगद पुरस्कारसहित यो प्रतियोगिता आयोजना गरिएको हो।

# पुस ११ देखि चितवनमा हात्ती तथा पर्यटन महोत्सव

रासस
चितवन, १ पुस

चितवनको सौराहामा यही पुस ११ देखि १३ गतेसम्म १९औँ चितवन हात्ती तथा पर्यटन महोत्सव–२०८२ आयोजना हुने भएको छ।

क्षेत्रीय होटल सङ्घ नेपाल, चितवनको आयोजना तथा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेडको मुख्य सह–आयोजना र रत्ननगर नगरपालिकाको संरक्षकत्वमा महोत्सव हुन लागेको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। विश्व सम्पदामा सूचीकृत निकुञ्ज तथा सौराहा क्षेत्रको पर्यटन प्रवर्द्धन, मानव र वन्यजन्तुबीचको सहअस्तित्व, संरक्षण चेतना र दिगो पर्यटन विकास महोत्सवको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ । सन् १९९७ देखि निरन्तर आयोजना गरिँदै आएको महोत्सवले चितवनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताइएको छ। नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले बोर्डले चितवनको पर्यटन प्रवर्द्धनका लागि महोत्सवमा निरन्तर सहकार्य गर्दै आएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "चितवनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा चिनाउन र वर्तमान सन्दर्भमा आन्तरिक पर्यटन प्रवर्द्धन र गन्तव्य ब्रान्डिङका लागि हात्ती महोत्सव प्रभावकारी भइरहेको छ । यस महोत्सवले नेपालको पर्यटन उद्योगलाई उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने छ ।" महोत्सवमा हात्तीको पूर्ण सुरक्षालाई प्राथमिकतामा राख्दै अन्तराष्ट्रिय मापदण्डअनुसार कार्यक्रम सञ्चालन गरिने आयोजकको भनाइ छ। हात्तीमाथि कुनै पनि किसिमको व्यवहार निषेध गरिएको छ भने पशु चिकित्सकको नियमित निगरानी, तालिमप्राप्त माहुतेको मात्र सहभागिता र स्वास्थ्य परीक्षण अनिवार्य गरिएको छ । सबै गतिविधि प्रतिस्पर्धाभन्दा पनि मानव–हात्तीबीचको सौहार्दता, संस्कृति र परम्पराको प्रवर्द्धनमा केन्द्रित रहने बताइएको छ । महोत्सव अवधिभर करिब ८० वटा हात्तीको सहभागिता रहनेछ । हात्ती शोभायात्रा, सांस्कृतिक झाँकी, हात्ती सजावट प्रदर्शन, हात्ती भोजन कार्यक्रम, हात्ती स्वास्थ्य शिविर, हात्तीमैत्री खेल, स्थानीयस्तरका खेलकुद प्रतियोगिता, सफारी पर्यटन प्रवर्द्धन कार्यक्रम तथा मानव–वन्यजन्तु सहअस्तित्वसम्बन्धी अन्तरक्रिया कार्यक्रम महोत्सवका प्रमुख आकर्षण रहनेछन् । यसका साथै स्थानीय कला, संस्कृति, भाषा र परम्पराको संरक्षण तथा प्रवर्द्धन, महिला उद्यमी र स्थानीय कृषि उत्पादनको बजारीकरणमा पनि महोत्सवले भूमिका खेल्ने विश्वास गरिएको छ। महोत्सवको अवसरमा पुस ११ देखि १३ गतेसम्म सौराहा होटल तथा रेस्टुराँहरूमा खाना र आवासमा १० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

# अर्बकुना सुन्तला उत्पादन कृषक समूहद्वारा ८७ लाखको सुन्तला बिक्री

पोखरापत्र संवाददाता
वालिङ, १ पुस



यहाँको एउटै समूहले यस वर्ष ८७ लाख मूल्यको सुन्तला बिक्री गरेको छ । स्याङ्जाको पुतलीबजार नगरपालिका–७ स्थित अर्बकुना सुन्तला उत्पादन कृषक समूहले सुन्तला बिक्री गरेर गाउँमा रु ८७ लाख भित्र्याएको हो।

विगतमा कोदो तथा मकै बाली हुने ठाउँमा नगदेबालीका रूपमा सुन्तलाखेती थालेसँगै गाउँमा आम्दानी बढ्दै गएको समूहका अध्यक्ष यामबहादुर सेनले जानकारी दिनुभयो।

अर्बकुना सुन्तला समूहमा हाल ३१ सुन्तलाखेती गर्ने किसान आबद्ध हुनुहुन्छ । "समूहमा आबद्ध हुनुभएका सबै किसानले न्यूनतम रु एक लाखदेखि अधिकतम रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ", उहाँले भन्नुभयो, "केही मात्रामा कोदो, मकै हुने जमिनबाट अहिले प्रत्येक घरले नगदेबालीका रूपमा सुन्तलाखेती गरेसँगै राम्रो आम्दानी हुने गरेको छ।"

पछिल्लो समय गाउँमा रहेका सबै घरलाई समूहमा आबद्ध गराएर एकापसमा मिलेर सुन्तलाखेतीलाई विस्तार गर्दै गएकाले आगामी वर्षहरूमा सुन्तलाको उत्पादन र आम्दानी वृद्धि हुने दाबी अध्यक्ष सेनको छ। "पुराना बोटबाट सुन्तला उत्पादन भइरहेको छ, नयाँ बोट थप्ने क्रम निरन्तर रूपमा चलिरहेको छ", उहाँले भन्नुभयो, "आगामी वर्षमा मात्रै यस समूहबाट रु एक करोड बढीको सुन्तला बिक्री गर्छौं, त्यसपछिका वर्षहरूमा त झनै वृद्धि हुँदै जान्छ।"

यहाँ उत्पादन भएको सुन्तला किसान स्वयं वा समूहमार्फत पनि बिक्री गर्ने गरिएको छ। यहाँका किसानले सुन्तला खरिदका लागि आएका स्थानीय व्यापारीलाई बगैँचा नै ठेक्कामा दिने गरेका छन्भने केही किसानले फुटकर रूपमा बिक्री गरेका हुन्।

किसानले बोटमा भएको उत्पादनका आधारमा व्यापारीसित बोलकबोल गरेर मूल्य निर्धारण गर्छन्। केही किसानले प्रतिकेजी रु ६०–७० का दरले व्यापारीलाई सुन्तला बिक्री गरेका हुन्। यहाँ उत्पादन भएको सुन्तला र त्यसको आम्दानीको हिसाबकिताब समयसमयमा समूहमार्फत हुने गरेको छ। सामूहिक रूपमा बैठक बसेर बजारीकरण, मूल्य निर्धारण, आइपरेका समस्या र त्यसको समाधानका विषयमा छलफल गरी समाधान निकाल्ने गरिएको उहाँले बताउनुभयो।

स्वादिष्ट सुन्तला उत्पादनका दृष्टिले स्याङ्जाको पहिचान छुट्टै किसिमको रहेको छ। जिल्लामा सुन्तला उत्पादनको सम्भावना र यसको विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन सञ्चालनमा रहेको छ । विसं २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोन हुँदै सुपरजोनमा परिणत भएसँगै सुन्तलाको बगैँचा विस्तारले तीव्रता पाएको हो।

# हेमजा युनाईटेले न्यानो कपडा तथा स्टेशनरी वितरण

पोखरापत्र संवाददाता
पोखरा, १ पुस

हेमजा युनाईटेड पोखरा–२५, हेमजाले सोमबार न्यानो कपडा तथा स्टेशनरी वितरण कार्यक्रम सम्पन्न गरेको छ।

युनाइटेडले वार्षिक क्यालेन्डर अनुसार पोखरा–२५ हेमजा देवीस्थान स्थित गौरीशंकर आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि कापी कलम लगायतका स्टेशनरी सामग्री र न्यानो कपडा (स्विटर, टोपी) वितरण गरेको हो । विद्यालयका ४२ जना विद्यार्थीलाई सामग्री हस्तान्तरण गरिएको क्लवका कोषाध्यक्ष एवं कार्यक्रम संयोजक निराजन अधिकारीले जानकारी दिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तमान श्रेष्ठले विद्यालयको अवस्था, आवश्यकता बारे जानकारी दिनुका साथै सहयोगको पूर्ण सदुपयोग गर्ने र गुणस्तर शिक्षा प्रदानमा विद्यालय प्रतिबद्ध रहेको भनाई राख्नुका साथै हेमजा यूनाईटेड खेलकुद सँगै सामाजिक




गतिविधिमा पनि सक्रिय रूपमा लागेको थप उल्लेख गर्दै कार्यक्रमका बिच क्लबले गरेको सामाजिक कामको प्रशंसा गरे।

युनाइटेडका अध्यक्ष कृष्णमान श्रेष्ठले वार्षिक क्यालेन्डर अनुसार खेलकुद सँगै मासिक रूपमा सामाजिक हितका लागि विभिन्न कार्य गर्दै आइरहेको र स्व अनुरूप स्टेशनरी सामग्री र मौसम अनुकूल न्यानो कपडा वितरण गरिएको बताए । जाडो बढेसँगै बालबालिकाहरूलाई न्यानो स्विटर र टोपीले निरन्तर विद्यालय आउन सहज हुने साथै स्टेशनरी सामग्रीले पठन पाठन कार्यमा प्रोत्साहन गर्ने विश्वास व्यक्त गरे । प्रविधि युक्त शिक्षालाई निरन्तरता दिन आग्रह गर्दै आगामी दिनमा आवश्यक सहयोग र सहजीकरणको लागि युनाईटेड परिवार सँगै रहने प्रतिबद्धता समेत गरेका थिए।

कार्यक्रममा कार्यक्रम संयोजक निराजन अधिकारी, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष नारायण बहादुर कुवार, प्रधानाध्यपक ईन्द कुमारी पुन लगायतले बोलेका थिए।

क्लब पदाधिकारी, अभिभावक, शिक्षक शिक्षिका विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रमको सञ्चालन भने क्लबका सचिव महादेव अधिकारीले गरेका थिए।

# सभापति देउवा र नेता कोइरालाबीच भेट

रासस
काठमाडौं, १ पुस

नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवासँग पार्टीका नेता डा शेखर कोइरालाले भेट गर्नुभएको छ।

सभापति देउवा निवासमा मंगलबार भएको भेटमा पार्टीको १५औँ महाधिवेशनको बारेमा छलफल भएको कोइरालाको स्वकीय सचिव दिनेशचन्द्र थपलियाले जानकारी दिनुभयो।

भेटमा कोइरालाले क्रियाशील सदस्य वितरण समितिले नम्बर विनाका फाराम जिल्ला जिल्ला पठाएकाले यसले पार्टीभित्र जटिल समस्या उत्पन्न सिर्जना गरेको देउवा सामु बताउनुभएको थियो । उहाँले नम्बर बिनाका फाराम तत्काल फिर्ता गरी नयाँ फाराम पठाउनसमेत सभापतिको ध्यानाकर्षणगराउनुभयो।पार्टीभित्र कारबाहीमा परेका नेताको कारबाही फुकुवा गरी पार्टीको महाधिवेशन र आम निर्वाचनमा खटाउन कोइरालाले आग्रह गर्नुभयो । भेटमा कोइरालासँगै पार्टीका नेता एवम् पूर्वमन्त्री डा मीनेन्द्र रिजाल पनि देउवा निवास पुग्नुभएको थियो।


# माइग्रेसन सर्टिफिकेट हराएको सूचना

म निराजन गुरुङको बुद्धचोकदेखि गैह्रापाटन लेकसिटी कलेज जाने क्रममा केन्द्रीय माध्यमिक शिक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

Name: Nirajan Gurung
Registration No: G220/05213/0080
Roll No : 3141322
ठेगानाः बुद्धचोक पोखरा–१०
सम्पर्क नं. : 9824018692

# मुस्ताङस्थित रानीपौवा बजार पर्यटनले गुल्जार भइरहँदा 'झारकोट' ओझेलमा

**सुन्दरकुमार थकाली**
मुस्ताङ, १ पुस/रासस

यहाँको वारागुङ मुक्तिक्षेत्र-१ मा अवस्थित हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर नजिकैको 'झारकोट' गाउँ पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै ओझेल परेको छ । मुक्तिनाथ मन्दिर नजिकै एउटा वडामा रहेको पुराना रानीपौवा बजार पर्यटनले गुल्जार भइरहँदा यहाँको सबैभन्दा पुरानो ऐतिहासिक सांस्कृतिक गाउँ 'झारकोट' पर्यटन प्रवर्द्धन र विकासमा भने पछि परेको हो ।

वारागुङ मुक्तिक्षेत्रस्थित मुक्तिनाथ मन्दिरको काखैमा चारवटा गाउँ छन्, यसमध्ये सबैभन्दा बाक्लो बस्ती र पुरानो गाउँ हो झारकोटगाउँ । यहाँस्थित मुक्तिनाथको काखमा झारकोटसहित पुराङ रानीपौवा, खिङ्गा र छेङ्गुरगाउँ पर्दछन् । यी गाउँमध्ये सबैभन्दा धार्मिक तीर्थालुको आगमनका कारण पुराङ रानीपौवा बजारमा पर्यटकको चहलपहल निकै हुने गर्छ । झारकोटसहित अरु गाउँमा भने पर्यटन गुमनामजस्तै हुन्छ । कागबेनी-मुक्तिनाथ सडकखण्डसँगै जोडिएको झारकोट पर्यटनका हिसाबले सबैभन्दा पछि परेको छ । तत्कालीन समयमा यहाँको कागबेनी-मुक्तिनाथ जाने सडकमार्ग नहुँदा पुरानो झारकोट गाउँमा पर्यटकको चहलपहल हुन्थ्यो । सडक नहुँदा मुक्तिनाथ दर्शन गर्ने धार्मिक तीर्थालुहरू र मनाङ हुँदै थोरङ्लापास गर्ने विदेशी पर्यटक झारकोट गाउँभित्रको गोरेटो बाटो हिँडेर आवतजावात गर्थे । मुक्तिनाथ दर्शन गर्न आएका तीर्थायात्री र विदेशी पर्यटक झारकोट गाउँको प्राकृतिक तथा सांस्कृतिक सौन्दर्यता नियाल्थे । पैदल आएका तीर्थायात्री यहाँको गाउँमा खाजा खाना र बाँस बस्थे । त्यतिबेलाको अवस्थामा झारकोट गाउँमा स्थानीयको व्यापार व्यवसाय



पनि राम्रै चलेको थियो । तर, अहिले झारकोटा गाउँभित्रको गोरेटो पदमार्ग बिरानो बनेको छ । पछिल्लो एक दशकयता गाउँभित्रको गल्ली गोरेटो बाटो स्थानीयवासीको आवतजावतका लागि मात्र सीमित बनेको छ ।

कागबेनी-मुक्तिनाथ सडक र यस गाउँको आवश्यक प्रचारप्रसार नहुँदा झारकोट ओझेलमा परेको स्थानीय धेचआङ्मो गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँको विकासका लागि युवा जनशक्ति विदेश पलायन हुँदा पर्यटन प्रवर्द्धन हुन नसकेको हो । कागबेनी-मुक्तिनाथ सडकमार्गमै पर्ने झारकोट मुक्तिनाथ मन्दिरको काखैमा भए पनि पर्यटन क्षेत्रबाट कुनै फाइदा लिन नसक्ने अवस्था रहेको गुरुङको भनाइ छ ।

झारकोट गाउँ विगत डेढ दशकदेखि पर्यटनका हिसाबले गुमनामजस्तै छ । बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक झारकोट गाउँ नजिकैको सडकमार्ग हुँदै मुक्तिनाथ आवतजावत गर्ने भएता पनि झारकोट गाउँमा पर्यटकको उपस्थिति शून्य रहेको स्थानीय गुरुङको दुखेसो छ । "दिनहुँ सयौँ तीर्थयात्री हाम्रै गाउँको बाटो ओहोरदोहोर गर्छन्, कति आए कति गए पत्तै हुन्न", स्थानीय गुरुङले भन्नुभयो, "तीर्थयात्री र पर्यटक सिधै आउँछन् जान्छन्, हामी त हेरेको हेर्‍यैमात्र ।" प्राचीन वस्ती झारकोटमा ६० घरपरिवार छन् । पहिला सडक नहुँदा गाउँका अधिकांश युवा गाउँ थिए । सडकको विकासले यस गाउँको रोजीरोटीमा नराम्रो धक्का पुग्यो । डेढ दशकअघि निकै चहलपहल हुने झारकोट पछिल्लो समय सुनसान बनेको स्थानीय धेचआङ्मो गुरुङको भनाइ छ । गाउँमा आम्दानी गर्ने माध्यम गुम्न थालेपछि गाउँका युवायुवती एकपछि अर्को गर्दै गाउँ छाडेर विदेश पलायन हुन थालेको उहाँको भनाइ छ । यतिबेला झारकोट गाउँमा युवायुवतीको सङ्ख्या एकदमै कम छ । अधिकांश युवायुवती वैदेशिक रोजागारका लागि युरोप र अमेरिका भासिँदा गाउँमा बालबालिका र ज्येष्ठ नागरिकको सङ्ख्या बढी रहेको स्थानीयवासी गुरुङले उल्लेख गर्नुभयो । हाम्रो गाउँतिर सडक विकास भयो, केही गर्न सक्नेलाई अवसरको ढोका पनि खुला छ, तर विकासलाई समृद्धिमा बदल्ने युवायुवती नै बाहिर पुगिसके, अब गाउँको आर्थिक विकास कसले गरिदेला र ?", उहाँले भन्नुभयो ।

यहाँको ऐतिहासिक झारकोट गाउँका स्थानीय आंशिक खेतीपाती र पशुपालन व्यवसाय गरी जीविकोपार्जन गर्ने गरेको स्थानीय नम्डुल गुरुङले जानकारी दिनुभयो । यहाँ केहीले याक र घोडाको व्यापार गर्ने गरेको स्थानीय गुरुङको भनाइ छ । पछिल्लो समय मुक्तिनाथ मन्दिर नजिकैको चार गाउँका मानिसले घोडाबाट मुक्तिनाथ मन्दिरमा दर्शन गर्ने दर्शनार्थीहरूलाई घोडा चढाएर आयआर्जन गर्ने गरेका छन् । जसमध्ये झारकोटमा पनि केही युवाले मुक्तिनाथमा घोडालाई यात्री ओसारपसार गरी सशुल्क सेवा दिइरहेको स्थानीय गुरुङको भनाइ छ । वर्षभरिको खेतीपाती र पशुपालन व्यवसायले वार्षिक गर्जो टार्न मुस्किल भएकाले वैकल्पिक व्यापार व्यवसायको भर पर्नुपरेको स्थानीय गुरुङले जानकारी दिनुभयो । वारागुङ मुक्तिक्षेत्र-१ स्थित यहाँको झारकोट गाउँमा सदियौँ पुरानो ऐतिहासिक राजाको दरबार अवस्थित छ । प्राचीनकालमा निर्माण भएको यहाँ अवस्थित साढे तीनतले झारकोट राजाको दरबार यहाँको पुरातात्विक तथा सांस्कृतिक सम्पदा रहेको यहाँका वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । यहाँको दरबारमा तत्कालीन झारकोट राजाका पछिल्ला पुस्ताले बस्ने र दरबारको भोगचलन गर्दै आइरहेको उहाँले उल्लेख गर्नुभयो । यहाँ सदियौँ वर्ष पुरानो झार छोदे गुम्बा अवस्थित छ । त्यसैगरी झारकोट गाउँमा कुनै व्यक्तिको मृत्यु भएमा उसको शवलाई गाउँभित्र रहेको (केनिल) मुनिबाट लगेर दाहसंस्कार गर्ने प्रचलन रहेको छ । झारकोट गाउँ नजिकै गुरु सेप्ची रहेको छ । जहाँ ढुङ्गामा कुदिएका जस्ता गुरु पद्ममसम्भवका पाइलाको डोब देख्न सकिन्छ । यहाँ प्राचीनकालमा निर्माण भएका ढुङ्गा र माटोले निर्मित पुराना घर अझै जीवन्त रहेका छन् । गाउँमाथि केहीपर तोराताल अवस्थित छ । ताल वरपर प्राकृतिक वनस्पति सिवकर्थोन अर्थात् स्थानीय भाषामा (तोरा) पाइने भएकाले त्यहाँको काललाई तोराताल भनिएको हो । पछिल्लो समय त्यहाँ स्थानीयले ताल वरपर लुङ्ता झण्डा गाडेर निकै आर्कषक तुल्याएका छन् । मुक्तिनाथ आएका पर्यटक तोराताल अवलोकन गर्न जाने गरेका वडाध्यक्ष गुरुङले बताउनुभयो । पछिल्लो समय झारकोटस्थित गुम्बा संरक्षणका लागि प्रदेश र पालिका सरकारले बजेट विनियोजन गरेर संरक्षण तथा संवर्द्धन गर्दै आइरहेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

# रुपामा पहिलो पटक फुटबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

रुपा गाउँपालिकामा पहिलो पटक फुटबल प्रतियोगिताको आयोजना भएको छ । रुपा गाउँपालिका ५ फेदीस्थित दोभान क्लबको आयोजनामा पालिकामा पहिलो पटक दोभान कप खुला सेभेन ए साइड फुटबल प्रतियोगिताको आयोजना गरिएको हो ।

मंगलबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा विजि गाइजले जित हासिल गरेको छ । विजी गाइजले भिरचोक तमु समाजलाई २-० गोलअन्तरले हराउँदै पहिलो जित दर्ता गरेको छ । रुपा गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङले पालिकाले खेलकुदको विकासका लागि हातेमालो गर्दै आइरहेको बताइन् । आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । यस प्रतियोगितालेपालिकाकोसोचअनुसार खेलकुदको विकासमा टेवा पुगेको बताइन् । फुटबलसंगै अन्य खेलकुद प्रतियोगिताको आयोजना गर्न आवश्यक रहेको उनले सुनाइन् । कार्यक्रमलाई सफल पार्न सबैको साथ र सहयोग आवश्यक रहेको उनले सुनाइन् । वडा ५ का वडाध्यक्ष राजन खनालले क्लबले ऐतिहासिक प्रतियोगिताको आयोजना गरेको सुनाए । खेलकुद युवाको मेरुदण्डको रुपमा रहेको रुपा खेलकुदमा पहिचान थप्ने नयाँ आयाम थपिएको बताए । वडाको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले गाउँपालिकाकै युवाको नेतृत्वमा नविनतम कार्य गर्न आवश्यक रहेको सुनाए । रुपा ६ का वडाध्यक्ष नारायण गुरुङले क्लबले गुर्नपर्ने दायित्व र खेल्नुपर्ने भूमिका दोभान क्लबले पुरा गरेको सुनाए । उनले पहिलो पटक पालिकाभित्र फुटबल प्रतियोगिताको आयोजना गरेको सुनाए । खेलकुदले स्वास्थ्य र सद्भाव कायम गर्नुपर्ने भन्दै एक वडा एक खेल मैदानको अभियान चालेको बताए । खेल संयोजक सुनिल श्रेष्ठले पालिका गठन भएपश्चात पहिलो पटक फुटबल प्रतियोगिताको आयोजना गरेको सुनाए । दोभान क्लब विभिन्न काल खण्डमा सामाजिक तथा खेलकुदका गतिविधि गर्दै आइरहेको र अब फुटबलमा समेत पालिकालाई अब्बल बनाउनका लागि प्रतियोगिताको आयोजना गरिएको बताए । रास्वपा रुपाका सभापति राजेन्द्र सुवेदीले खेलकुदले युवाहरुलाई जोड्ने बताउँदै क्लबले खेलकुदलाई प्राथमिकता दिदाँ खुसी लागेको बताए । दोभान क्लबका अध्यक्ष सुरज श्रेष्ठले रुपा गाउँपालिकामा फुटबल खेलको विकास र विस्तार गर्ने उदेश्यका साथ प्रतियोगिताको आयोजना गरेको बताए । रुपामा भलिबलको पहिचान हुनेगरेपनि फुटबलमा पहिचान नभएको र पहिचान स्थापित गराउने मुख्य लक्ष्य रहेको उनले सुनाए । अब युवाहरु भलिबलमा मात्र नभइ फुटबलमा समेत आकर्षित हुने उनको विश्वास रहेको छ ।

२१ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले ५० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन भने उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलरक्षकले आकर्षक पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिता पुस ५ गतेसम्म सञ्चालन हुनेछ ।

# चार लेनको मादी पुल अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १ पुस



मुग्लिन-पोखरा सडकअन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुल आगामी वैशाखभित्र सम्पन्न गर्ने गरी कामलाई तीव्रता दिइएको छ । व्यास नगरपालिका-४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलमा ७४ प्रतिशत प्रगति भएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)ले जनाएको छ ।

उक्त खण्डका इन्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले अब २६ प्रतिशतमात्र काम बाँकी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार पुल निर्माण तीव्रगतिमा अगाडि बढाइएको छ । तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी उक्त पुलको काम सुरु गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको उहाँले बताउनुभयो ।

सूचना अधिकारी पाण्डेका अनुसार पुल निर्माणका लागि २०७९ साल साउन २६ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । उहाँले भन्नुभयो, "पुल निर्माणको म्याद सकिएपछि पुनः म्याद थपिएको छ । थप भएको म्यादभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता आएको छ ।" उक्त पुलमा ७० प्रतिशत वित्तीय प्रगति भएको छ । तीन सय १५ मिटर लामो पुलमा छवटा स्पान रहनेछ । पुलको वारिपारि दुई-दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेको छ । उहाँका अनुसार फाउन्डेसनदेखि सुपर स्ट्रक्चरको काम सकिएको छ । उहाँले भन्नुभयो, "मिडल स्पान दुईवटा कङ्क्रिट नेचर आर्क ब्रिज हो । त्यसको काम पनि भइरहेको छ ।" रु एक अर्ब २१ करोड भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्क्ट्रक्चर भएको यो नेपालकै पहिलो पुल भएको पाण्डेको भनाइ छ । सूचना अधिकारी पाण्डेले मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत पूर्वीतर्फ ८८ प्रतिशत प्रगति भएको जानकारी दिनुभयो । कालोपत्र सबै सकिएको बताउँदै उहाँले सडकका अन्तिम चरणका काममात्र बाँकी रहेको उल्लेख गर्नुभयो । पुलको पहुँचमार्गको काम भने बल्ल सुरु भएको पाण्डेले बताउनुभयो । निर्माण कम्पनी व्यवस्थापक दिनेशकुमार श्रेष्ठले निर्धारित मितिअगावै पुल निर्माणको काम सकिने जानकारी दिनुभयो । उहाँका अनुसार असार १९ गतेसम्म म्याद रहे पनि वैशाखमा पुल निर्माणको काम सक्नेगरी काम भइरहेको छ । पुल निर्माणका लागि हाल दैनिक एक सय ५० कामदार खटाइएको छ । छ वटा स्पानमध्ये दुईदुई स्पानको काम सकिएको र बीचको दुईवटा स्पान ६३ मिटरको काम भइरहेको उहाँले जानकारी दिनुभयो । पुलको दायाँबायाँ पाँच सय मिटर पहुँच सडक निर्माण गर्न बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "बायाँतर्फ व्यक्तिका घर परेकाले मुआब्जा दिनुपर्ने र दायाँतर्फ सडक डिभिजन कार्यालयको भवन रहेकाले भवन भत्काएर पहुँच सडक निर्माण गर्नुपर्ने अवस्था छ ।"

पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल तीन सय ७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ ।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सदस्यलाई मणिपालमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सदस्यलाई नेपाल मणिपाल शिक्षण अस्पतालको स्वास्थ्य सेवामा छुट पाउने भएका छन् । एशोसियसन र नेपाल मणिपाल अस्पताल पोखराबीच स्वास्थ्य सेवासम्बन्धी सम्झौता भएसँगै एशोसियसनका साधारण सदस्यले सो सुविधा पाउने भएका हुन् ।

एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुँवर तथा मणिपाल शिक्षण अस्पताल पोखराका प्रमुख कार्यकारी अधिकृत अनिल ओडूविलबीच यसबारे सम्झौता भएको छ । यस सम्झौता अनुसार अस्पतालले बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सदस्यहरूलाई स्वास्थ्य सेवाहरूमा न्यूनतम् १० प्रतिशतदेखि शतप्रतिशतसम्मको छुटप्रदान गर्नेछ । अब एशोसियसनका सदस्यले मणिपालको स्वास्थ्य सेवा लिँदा दर्ता शुल्क लाग्ने छैन ।

छुट सुविधाका लागि सेवाग्राहीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरू उपभोग गर्न एशोसियसनमा दर्ता भई आईडी कार्ड देखाउनुपर्ने छ । अस्पतालमा एशोसियसनका सदस्यहरूले दर्ता शुल्कमा १०० प्रतिशत, अस्पतालको सामान्य



शैया शुल्कमा २५ प्रतिशत, नियमित जाँचमा १५ प्रतिशत र शल्यचिकित्सा (अपरेशन) तथा विशेष परीक्षण शुल्कमा १० प्रतिशत छुट पाउनेछन् । सदस्यहरूलाई डाक्टरको परामर्शमा भने कुनै शुल्क लाग्ने छैन । 'न्यूरो सर्जरी तथा अति विशिष्ट सेवा बाहेकका अन्य शल्यक्रियामा १० प्रतिशत छुट दिइनेछ,' सम्झौतापत्रमा भनिएको छ, 'नियमित जाँचमा १५ प्रतिशत छुटको व्यवस्था छ ।' बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुँवरका अनुसार नियमित जाँचमा रगत, पिसाब, इसिजी, एक्सरे, युरिक एसिड, थाइराइड, युएसजीलगायत अस्पतालले प्रदान गर्ने सेवा छन् । 'हाम्रा साधारण सदस्यलाई थोरै भए पनि सहुलियत प्रदान गरौँ भन्ने हेतुले यो सम्झौता गरिएको हो', अध्यक्ष बुद्धि वहादुर कुँवरले भने, 'हामीले नेपाल मणिपाललाई हाम्रा साधारण सदस्यले एशोसियसनले प्रदान गरेको परिचयपत्रकै आधारमा यो सेवा पाउनुहुनेछ । हामीले त्यसको जानकारी अस्पतालाई गराइसकेका छौँ ।' एशोसियसनका अध्यक्ष कुँवरका अनुसार यो सम्झौताको अवधि २०८४ असार मसान्त सम्म लागु हुनेछ । यस सम्झौतालाई पुन त्यसपछि पनि सम्झौता नवीकरण गरिने अध्यक्ष कुँवरले बताए ।

नेपाल मणिपाल अस्पतालका प्रमुख कार्यकारी निर्देशक अनिल ओडुभिलले नेपाल मणिपाल कलेज पोखरालाई स्वास्थ्य लाभको केन्द्र बनाउने दिशामा निरन्तर अगाडि बढेको जानकारी गराए । मणिपालले हाल प्रदान गरिरहेको सेवा विश्वस्तरीय रहेको बताउँदै उनले भने,'हाम्रोमा सस्तो शुल्कमा विश्वस्तरको गुणस्तरीय चिकित्सा सेवा पाइन्छ । सम्झौता कार्यक्रममा बोल्दै नेपाल मणिपाल अस्पतालका लियाजन अफिसर कृष्णमोहन श्रेष्ठले पोखराकै पुरानो संस्थासँग मणिपालको सहकार्यले पोखरालाई स्वास्थ्यको केन्द्र बनाउन विशेष योगदान दिने आशा व्यक्त गरे । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्हाकार केशव वहादुर खत्रीले हालै निर्वाचित एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुँवरको टिमले निर्वाचित भएको ४ महिना भित्र यो छुट सम्झौता सगै एशोसियसनका सदस्यहरुको हितमा विभिन्न उत्कृष्ट कामहरु गरिरहेको बताउदै हालै बुद्ध विशाल बजारमा बृद्धि हुन लागेको घर भाडा ९ महिनाको लागी यथास्थीतिमा राख्न सफल भएको,बुद्ध विशाल बजार भित्र एटिएम मेसिन राख्ने काम अन्तिम चरणमा रहेको विगत २ वर्षदेखि हुन नसकेको ग्राहक वर्गलाई चाडपर्वमा लक्षित गरि गरिने गरेको उपहार योजना यो वर्ष ल्याएको तथा बुद्ध विशाल बजारको पुर्वतिर पार्किङ एरिया रुपाकोट सुनचादी पसलमा सम्म हाललाई अस्थाही रुपमा राख्नको लागी विशेष पहल गरेको लगाएत थुप्रै उत्कृष्ट कामहरु गरेकोमा धन्यवाद दिए । सम्झौता कार्यक्रममा पोखरा उधोग वाणिज्य संघका सदस्य मनोहरि पौडेल बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सचिव शान्ति श्रेष्ठ जोशी कोशाध्यक्ष गोविन्द दाहाल कार्यालय सचिव सम्झना कुमारी थापा मगर लगाएतको उपस्थीति रहेको थियो ।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा, नेपाल

**शान्ति वन वाटिकाको Boundary Wall मर्मत सम्भार सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसले संरक्षण गर्दै आएको पोखरा महानगरपालिका वडा नं. ९ स्थित शान्ति वन वाटिकाको Boundary Wall भ्याट सहित रु. ४,६२,२३२।८२ (चार लाख बैसट्ठी हजार दुई सय बत्तिस र पैसा बयासी मात्र) मा नबढाई मर्मत सम्भार गर्न इच्छुक आधिकारिक ईजाजत प्राप्त फर्म वा पार्टीहरुवाट मिति २०८२।०९।१६ गतेभित्र रीतपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख